bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

वर्ष ४० अंक ३११ | २०७८ चैत्र २२ गते मंगलबार, नेपाल सम्वत् ११४२ April 05, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-

### तनहुँका ३२० जनालाई जग्गाको निस्सा वितरण

## भूमिहीन भन्छन् : 'जग्गाको लालपुर्जा दिने कहिले ? भोट माग्नलाई निर्वाचनको मुखमा निस्सा बाँढे'

भञ्ज्याङ समाचारदाता/दमौली

राष्ट्रिय भूमि आयोगसंगको सहकार्यमा तनहुँको बन्दिपुर गाउँपालिका र शुक्लागण्डकी नगरपालिकाका ३२० जना भुमिहिन सुकुम्बासीलाई ऐलानी, प्रति जग्गा उपभोग गरिरहेको प्रमाण (निस्सा) वितरण गरिएको छ । बन्दिपुरको वडा नं. १ रिमाल्नीका ७३ जनालाई सोमबार र शुक्लाण्डकी नगरपालिका-७ का २४७ जनालाई आइतबार जग्गाको निस्सा वितरण गरिएको हो । बन्दिपुर गाउँपालिकाले राष्ट्रिय भूमि आयोगसंग भएको सम्झौता बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासीहरूलाई जग्गाको ऐलानी, प्रति जग्गा उपभोग गरिरहेको प्रमाण (निस्सा) वितरण कार्य सुरू गरेको छ । गाउँपालिकामा ३५३ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरूले जग्गा प्राप्तिका लागि निवेदन ऐका छन् ।

गाउँपालिकाका अध्यक्ष पुर्णसिंह थापा, उपाध्यक्ष करूणा गुरूङ, वडाध्यक्ष भानुभक्त पोखेलले वडा कार्यालय परिसरमा एक कार्यक्रमको आयोजना गरी ऐलानी, पर्ती जग्गा उपभोग गर्दै आए पनि प्रमाण बिहीन रहेका स्थानीयलाई जग्गाको मालिक बन्ने पहिलो प्रक्रिया अन्तरगत निस्सा वितरण गरेका हुन् ।

'तपाईहरूले कति ऐलानी, पर्ती जग्गा उपभोग गरिरहनु भएको छ, त्यसको प्रमाण तपाईहरूलाई दिएका हौं', गाउँपालिका अध्यक्ष थापाले भने, 'जग्गाको नाप, नक्सा अब यहि निस्साको आधारमा हुने छ । छिट्टै जग्गाको लालपूर्जापनि पाउनुहुने छ ।'

'जग्गा सम्बन्धी सबै विवाद समाधान होस भनेर गाउँपालिकाले निस्सा दिएको हो', अध्यक्ष थापाले भने, बन्दिपुरको वडा नम्बर १ बाट शुरू भएको निस्सा वितरण कार्यक्रम ६ वटै वडामा क्रमिक रूपमा सुरू गर्छौं ।'



बन्दिपुर-१ का भुमिहिन सुकुम्बासीलाई ऐलानी, प्रति जग्गा उपभोग गरिरहेको प्रमाण (निस्सा) वितरण गर्दै गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापा, उपाध्यक्ष करूणा गुरूङ र वडाध्यक्ष भानुभक्त पोखेल । *तस्विर : भञ्ज्याङ*

यस्तै, शुक्लागण्डकी नगरपालिका-७ स्याली बजारमा पनि आइतबार एक कार्यक्रमको आयोजना गरी भोगचलान गर्दै आएका २४७ जनालाई जग्गाको निस्सा वितरण गरिएको छ । शुक्लागण्डकी-७ स्याउली बजारका टिकाराम शर्माले जग्गाधनी लालपुर्जा प्राप्तिका लागि निस्सा प्राप्त गरेपनि त्यो कागजप्रति उनले शंका गरेका छन् । नगरपालिकाले उनको हातमा निस्सा थमाइदिए पनि उनको मुहारमा खुसी छाउन सकेको छैन ।

२०३२ सालदेखि भानुमतीको थात्थलो छाडेर स्यालीबजार बसाइ झरेका उनको एउटै सपना छ : 'सिरानीमा लालपुर्जा च्यापेर निदाउने।' नगरपालिकाले बाँडेको निस्सा हातमा हुँदा पनि लालपुर्जा पाइन्छ भन्ने झिनो आश नभएको उनले बताए । उनी भन्छन्, 'सबैले लिँदा किन नलिम भनेर मात्र निस्सा लिएको हो । लालपुर्जा हातमा नपरून्जेलसम्म भरोसा कत्ति पनि

बाँकी तेश्रो पेजमा

## सरकार बचाउन र दीर्घशान्तिका लागि गठबन्धन : गृहमन्त्री खाँण

भञ्ज्याङ समाचारदाता/दमौली

गृहमन्त्री बालकृष्ण खाँणले सरकार बचाउन मात्र नभई दीर्घशान्तिका लागि पनि अहिलेको गठबन्धन आवश्यक रहेको बताएका छन् । तनहुँ उद्योग वाणिज्य संघले दमौलीमा सञ्चालन गरेको आठौं तनहुँ महोत्सवमा सोमबार समापन गर्दै उनले गठबन्धनको उपलब्धी सरकार बनाउनुमात्र नभइ संविधानको रक्षाका लागि पनि भएको प्रष्ट पारेका छन् ।

'लोकतान्त्रिक प्रणालीमाथि प्रहार भएपछि अहिलेको गठबन्धन बनेको हो', गृहमन्त्री खाँणले भने, 'संविधान बचाउन गठबन्धन गरिएको हो, सरकार प्राप्तिका लागि मात्र नभई मुलुकको विकास र शान्तिका लागि पनि गठबन्धन आवश्यक छ।'




गठबन्धन आज हामीले मात्र गरेको नभई विगत विभिन्न कालखण्डमा पनि हुँदै आएको स्मरण गराउँदै गृहमन्त्री खाँणले भने, 'गठबन्धन वैचारिक आधारशिलामा मात्र हुन्छ भन्ने नभई अब जाने गन्तव्य के हो त्यसको उपलब्धीका लागि पनि गठबन्धन गरिन्छ ।'

'आफु हिजो पनि गठबन्धनको पक्षमा रहेको र आज पनि गठबन्धनको पक्षमा छु, त्यसमा लाजमान्नुपर्ने कुरै छैन', उनले भने, '२०७४ सालको चुनावपछि जुन खालको गठबन्धन बन्यो त्यो गठबन्धनले संविधान च्यात्ने हो कि भन्ने जस्तो गर्न थालेको, स्वतन्त्र पत्रकार, मानव अधिकार, नागरिकहरूको सम्पत्ति माथिको अधिकार, स्वामित्व माथिको अधिकार माथि प्रहार, नेपालको मौलिक परम्परा र संस्कृति माथि प्रहार गरेर गुठि विद्यक ल्याउने जस्ता कार्य गरी निषेधात्मक राजनीति गर्दै एक दलीय निरंकुश्ता थुपार्न खोजियो।'

गृहमन्त्री खाँणले नागरिकको जीवनरक्षा सरकारको पहिलो

बाँकी अन्तिम पेजमा

## तनहुँमा पनि गठबन्धन गर्न कार्यदल बनाइदै

भञ्ज्याङ समाचारदाता/दमौली

स्थानीय तहको निर्वाचनमा गठबन्धन गरेर जाने तनहुँका चार दलले निर्णय गरेका छन् । केन्द्रमा रहेको गठबन्धनलाई स्थानीय तहको निर्वाचनमा पनि कार्यान्वयन गर्ने निर्णय गरिएको हो । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टीका नेताहरूको सोमबार बसेको बैठकले आवश्यकता परेको खण्डमा वडास्तरसम्मै गठबन्धन गरेर जाने निर्णय गरेका छन् । निर्वाचनमा गठबन्धनका लागि दसवटै पालिकामा कार्यदल गठन गर्ने सहमति भएको नेपाली कांग्रेसका सचिव लक्ष्मीभक्त खनालले बताए।



उनका अनुसार हरेक पालिकामा दुई/दुईजना रहने गरी कार्यदल बनाइनेछ । उक्त कार्यदलले गठबन्धनका लागि आवश्यकता अनुसार निर्णय गर्ने सहमति भएको खनालले बताए । उनले भने, 'केन्द्रमा गरिएको निर्णयलाई स्वागत गर्दै तनहुँमा पनि त्यसको कार्यान्वयन गर्ने सहमति भएको छ, कार्यदल गठन गरेर गठबन्धनलाई कसरी लैजाने भन्ने विषयमा छलफल हुन्छ।'

बैठकमा नेपाली कांग्रेसका सभापति जितप्रकाश आले, निवर्तमान सभापति वैकुण्ठ न्यौपाने, माओवादी केन्द्रका केन्द्रीय सदस्य हरि चुमान, जिल्ला अध्यक्ष राजेन्द्रकेशरी न्यौपाने, एकीकृत समाजवादीका जिल्ला अध्यक्ष शंकरनारायण श्रेष्ठ, केन्द्रीय सदस्य चित्रबहादुर थापा, जनता समाजवादीका केन्द्रीय सदस्य शिवलाल थापा र जिल्ला अध्यक्ष कृष्ण गुरूङ सहभागी रहेका थिए।

## व्यासका २१ हजारलाई टाइफाइड विरूद्धको खोप

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिकाले बालबालिकालाई टाइफाइड विरूद्धको खोप लगाउने तयारी गरेको छ । राष्ट्रव्यापी खोप अभियान अन्तर्गत सञ्चालन गर्न लागिएको टाइफाइड विरूद्धको खोप अभियानका क्रममा नगरपालिका भित्र रहेका करिब २१ हजार बालबालिकालाई टाइफाइड विरूद्धको खोप लगाउन लागिएको हो । नगरपालिकाको स्वास्थ्य शाखाले सोमबार खोप समन्वय समितिको अभिमुखीकरण कार्यक्रम गरी अभियान बारे जानकारी गराएको छ । चैत २५ गतेदेखि १४ वटै वडाका विद्यालयमा खोप केन्द्र कायम गरी बालबालिकालाई टाइफाइड विरूद्धको खोप लगाइने नगरपालिकाका जनस्वास्थ्य निरीक्षक लक्ष्मी गुरूङले बताइन्।



'लक्षित संख्या धेरै र स्वास्थ्यकर्मी सीमित रहेकाले खोप अभियान चुनौतिपूर्ण रहेको छ', उनले भनिन्, 'यस अभियानमा सबैको सहयोग आवश्यक छ । सरोकारवालाको भूमिका महत्वपूर्ण रहन्छ ।' स्वास्थ्य शाखाकी नर्सिङ अधिकृत कल्पना दाहालले लक्षित संख्याको ८० प्रतिशत बालबालिका विद्यालयमा रहने भएकाले विद्यालयमै खोप केन्द्र निर्धारण गरेर खोप दिइने

बाँकी तेश्रो पेजमा

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
भञ्ज्याङ राष्ट्रिय दैनिक
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow भञ्ज्याङ दैनिक @bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-563907
E-mail : bhanjyangdml@gmail.com

# सम्पादकीय .........

www.bhanjyangnews.com

## ऐतिहासिक महत्वको तनहुँसुर

समुन्द्री सतहबाट करिब १२४६ मिटर उचाई क्षेत्रमा फैलिएको छ तनहुँसुर । तनहुँसुर क्षेत्र ऐतिहासिक एवं पुरातात्विक महत्वको स्थल पनि हो । हिमश्रृंखला, विभिन्न गाउँ तथा वन पाखा, जैविक एवं सांस्कृतिक विविधतायुक्त क्षेत्र पनि हो। कृषि र रमणीय वातावरणले पनि भरिपूर्ण यो क्षेत्र अहिले उपेक्षामा परेको छ । ऐतिहासिक एवं पुरातात्विक महत्वको तनहुँसुर क्षेत्र उजाडिदै गएपछि अहिले यस क्षेत्रको प्रवर्द्धनका लागि व्यास नगरपालिका तथा यससंग सम्बन्धित निकायहरूले पनि चासो देखाउन थालेका छन् । नगरपालिका तथा स्थानीयले तनहुँसुरलाई ऐतिहासिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना अगाडि बढाएका छन् भने पुरातत्व विभागले पनि पुरातात्विक महत्वका विषयमा अध्ययन अनुसनधान कार्य अगाडि बढाइरहेको छ । तनहुँसुरलाई कृषि र वातावरणसँग जोडेर प्रवर्द्धन गर्ने अभियान पनि शुरू गर्ने योजना बनाइएको छ । यो योजना पक्कै पनि उजाडिएको तनहुँसुरलाई पुन: चलायमान बनाउन महत्वपूर्ण कडि बन्न सक्ने छ। ऐतिहासिक महत्व बोकेको तनहुँसुरको पर्यटन प्रवर्द्धनका लागि 'एग्रो टुरिजम' गतिविधि सञ्चालन गरिने र खण्डहर बन्दै गएको तनहुँसुरमा पछिल्ला केही समयमा पर्यटकको चहलपहल पनि बढ्दै गएको छ । तनहुँसुर क्षेत्रको प्रवर्द्धनका लागि व्यास नगरपालिकाको सहयोगमा सम्पदा नेपालले सामुदायिक घरवास शुभारम्भ गरेको छ । स्थानीयवासी घरवास सञ्चालनका लागि अग्रसर पनि भएका छन् । यहाँका स्थानीयवासी सिलिङे फूलको रूखदेखि धार्नी चौतारीसम्म सिढीबाटो र वृक्षरोपण गर्ने, घरवासका अलवा कृषि र पशुपंक्षी समूह निर्माण तथा तालिम कार्यक्रम गरिने तयारी गरिएको छ । नगरपालिकासँग समन्वय गरेर कृषि तथा पशुपंक्षी सम्बन्धी विविध कार्यक्रम सञ्चालन तथा 'इको ट्रेक' विकास गर्ने लक्ष्य लिइएको छ । चमेरे गुफा मुलपानी–भगवतीपानी मन्दिर हुँदै देवस्थल सामुदायिक घरवास भवनसम्म नक्सांकनसहित डिपिआर निर्माण गरिने तयारी समेत गरिएको छ । तनहुँसुरमा हाल नेपाल सरकारको सहयोगमा सडक कालोपत्र, तनहुँ कालिका मन्दिर निर्माण, पुरातात्विक सम्पदा संरक्षण एवं विकास, सामुदायिक भवन तथा घरवास पूर्वाधार निर्माण, इन्टरनेट, सडकबत्ती जडान, शिक्षा, स्वास्थ्य, वन तथा कृषिसम्बन्धी कार्यक्रम सञ्चालित छन् । तनहुँसुरको थप प्रवर्द्धन र प्रचारप्रसारका लागि पर्यटन तथा वातावरण मेला गरिने भएको छ । यहाँको पुरातात्विक सम्पदा संरक्षणसम्बन्धी वक्तृत्वकला, खाना महोत्सव, घरवास मार्ट, सांस्कृतिक कार्यक्रमले पक्कै पनि तनहुँसुर क्षेत्रको प्रवर्द्धनमा टेवा पुग्ने छ।

नेपाल एकीकरण पूर्व तनहुँसुर सेनवंशी राजाहरूको राज्य थियो । यस राज्यको ऐतिहासिक विवेचना गर्दा लिच्छवीकालमा लिच्छवी राज्य क्षेत्रभित्र परेको देखिन्छ। तनहुँसुरमा इसाको १६औं शताब्दीदेखि सेनवंशी राजाहरूले राज्य गरेको ऐतिहासिक तथ्यहरू उपलब्ध भएका छन् । यस वंशका राजाले तनहुँमा राज्य गर्ने क्रममा तनहुँसुरलाई राजधानी कायम गरी राजदरबार र अन्य सम्पदाको निर्माण गर्न लगाएका ऐतिहासिक प्रमाण एवं उक्त क्षेत्रमा रहेका भग्नावशेषबाट पुष्टि गरेको अध्ययनले देखाएको छ । भग्नावशेषको रूपमा तनहुँसुर दरबार क्षेत्रमा अध्ययन अनुसन्धान गर्न स्थानीयबाट अनुरोध भएपछि पुरातत्व विभागले दुई वर्षदेखि उत्खननका काम गर्दै आएको छ । उत्खननबाट ईँटा बिछ्याइएको आँगन र पानीको निकासका लागि बनाइएको कुलेसो, रानीको नुहाउने स्थल, इनार भेटिएको छ । साथै गढीमा गरिएको उत्खननबाट ती क्षेत्रको संरक्षणका लागि योजना बनाउन महत्वपूर्ण योगदान पुग्न सक्छ । उत्खन्नको क्रममा प्राप्त भएका ईँट्टा, झिङ्गटी, कलश, पाला, दुईवटा सिलौटा, आधा टुटेको चुरा, त्रिभुवनको पालाको पाँच पैसालाई पनि उपलब्धिको रूपमा लिइएको छ । विसं १५७५ देखि १६१० सम्म मणि मुकुन्दसेनले प्रथम शासकका रूपमा तनहुँसुरमा शासन गरेका थिए । यिनले तनहुँ राज्यलाई विस्तार गरी विशाल राज्यमा परिणत गरेका थिए। विशाल राज्यमा परिणतपश्चात राज्य विभाजन गरी अंशवण्डा गर्ने क्रममा छोरा भृङ्गीसेनको भागमा परेको थियो र यी राजाले आफ्नो राज्यको राजधानी तनहुँसुरलाई कायम गरेको पाइन्छ । राज्य सञ्चालनका क्रममा तनहुँ दरबार एवं विभिन्न संरचना निर्माणलगायत राज्यको आर्थिक विकासका लागि बन्दिपुरलाई व्यापारिक केन्द्रका रूपमा कायम गरेका थिए । तनहुँसुरमा दरबार, महादेव र विष्णु मन्दिर, खड्ग देवताको मन्दिर छ । यी ऐतिहासिक महत्वको सम्पदा अहिले खण्डहर बन्दै गएको हुँदा यसको प्रवर्द्धनका लागि स्वयं स्थानीय बासिन्दा नै जागरूक हुनुपर्दछ भने नगरपालिका तथा यससंग सबन्धित निकाय र संघ संस्थाहरूले पनि हातेमालो गर्न जरूरी छ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँबुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँबु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# कसले जोगाउँछ हाम्रो पर्यावरण ?

'तिमीहरूले आफ्ना खोक्रा शब्दहरूले मेरो सपना र बाल्यकाल धुलिसाथ तुल्याइदिएका छौ। यति बेला म यहाँ होइन, विद्यालयमा हुनुपर्थ्यो। तिमीहरु सबै किशोर–किशोरीहरूको आशा बनेर आए पनि केही नापेनौ । न त तिमीहरूले केही गर्नेछौ। समग्र पारिस्थितिक प्रणाली नै भत्किरहेको छ। हामी विशाल र सामूहिक लोपोन्मुख प्राणीतर्फ लम्किरहेका छौं। त्यसैले म यसबारे बोल्ने आँट गर्दैछु। तर तिमीहरु भने पैसाबारे मात्र बोलिरहेका छौ। दन्त्यकथामा जस्तो आर्थिक उन्नतिको गफ दिइरहेका छौ ।' संयुक्त राष्ट्र संघले सेप्टेम्बर २०१९ मा आयोजना गरेको 'क्लाइमेट एक्सन समिट' मा बोल्ने क्रममा उमेरले विश्वकै कान्छी अभियन्ता ग्रेटा थनवर्गले भनेको कुरा चोटिलो र मननयोग्य छ। उनले जति गम्भीरताका साथ आफ्नो बाल्यकाललाई जोडेर भावी पुस्ताको भविष्य जोखिमतर्फ लम्किँदै गरेको भनिन्, त्यति नै उनले विश्व हुँदै गाउँसम्मको नेतृत्व गरिरहेका नेताहरूतर्फ पनि औंला ठड्याएर तिमीहरूले 'केही नापेनौ' भनिन्।

हाम्रो साझा पृथ्वीको तापक्रम जुन ढंगले बढिरहेको छ, त्यसले पृथ्वीमा मानव प्रजातिकै अस्तित्व कायम रहन सक्छ कि सक्दैन भन्ने प्रश्न उब्जाइदिएको छ। बुझ्ने भाषामा भन्ने हो भने मानव प्रजातिले निम्त्याएको संकटको सामना मानवले नै गर्नुपरेको छ आजको पृथ्वीमा । मानिसले निम्त्याएको वनफँडानी, हरितगृह ग्यास उत्सर्जन, दैनिक उत्पादन गरिने फोहोर, जीवजन्तुको विनास, नदीदेखि समुद्रसम्मलाई दूषित गर्ने कृत्य तथा आर्थिक वृद्धिको लोभमा माटोसँग गरिएका अनेकौं विषादीजन्य प्रयोग आदिकै परिणाम भन्नुपर्छ विश्व मानचित्रबाट केही मुलुक लोप हुने अवस्थामा पुगेका छन् । एकातर्फ समुद्री सतहको स्तर बढेसँगै समुद्र किनारका मुलुकहरु आफ्नो अस्तित्वका लागि ठूलो संकट सामना गरिरहेका छन् । अर्कातिर हिमाली भेगमा बसोबास गर्ने मानिस हिमपहिरो तथा हिमताल फुटेर हुने त्रासदीको दिनप्रति दिन नजिक पुगिरहेका छन्।


विशाल खड्का

> यस्तो संकट अथवा भनौ त्रासदीको अघिल्तिर उभिएर मानिस बेपरर्वाह आफ्नो अहम् तुष्टीका लागि एकआपसमा भिडिरहेकै छन्। यस्तोमा प्रश्न उठ्छ, के यो त्रासदीको जिम्मेवार हामी हौ? होइनौ ।

नेसनल ओसियानिक एन्ड एटमसफेरिक एडमिनिस्ट्रेसन (एनओएए) का अनुसार पृथ्वीको औसत तापक्रम २० औं शताब्दीको तापक्रमको तुलनामा ०.८२ डिग्री सेल्सियसले बढिरहेको छ। यो वृद्धिदर सन् १९८० यता हरेक दशकमा करिब ०.१८ ले भइरहेको तापक्रम वृद्धिदर हो। वैश्विक तापक्रम वृद्धिदरमा १९ औं शताब्दीको औसत तापक्रमको तुलनामा सन् २०१६ र २०२० मा १.२ डिग्री सेल्सियस बढी तातोपन मापन गरिएको अध्ययनले देखाएको छ । ६६ देशका वैज्ञानिकहरु तथा संयुक्त राष्ट्र संघका सबै सदस्यद्वारा अनुमोदन गरिएको जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी मञ्च आइपिसिसीद्वारा ८ अगष्ट २०२१ मा सार्वजनिक प्रतिवेदन अनुसार संसारभर तातो वायु, चक्रपात, छोटो समयमा भारी वर्षा, बाढी, खडेरी र डढेलोको संख्या वृद्धि हुनुको मुख्य कारण मानव सिर्जित जलवायु परिवर्तन हो। प्रतिवेदनले विश्वमा कार्बनडाइअक्साइड उत्सर्जन नघटाएमा स्थिति झनै खराब हुने चेतावनी दिएको छ।

वास्तवमा पृथ्वीको तापक्रम औद्योगीकरण पूर्वको अवस्थाभन्दा १.७ डिग्री सेल्सियसले बढेको छ र यसका असर सबैले देख्न सक्ने गरी सतहमा आइपुगेका छन्। त्यसो त पछिल्लो समय ग्लास्गोमा भएको संयुक्त राष्ट्र संघीय जलवायु सम्मेलन कोप-२६ मा संसारभरका प्रतिनिधिले पृथ्वीको तापक्रमलाई सकेसम्म १.५ डिग्री सेल्सियसमा कामय राख्ने नभएदेखि २ डिग्री सेल्सियसभन्दा माथि बढ्न नदिने प्रतिबद्धता जनाएका छन्। तर सन् २०१५ को पेरिस सम्झौता कार्यान्वयन गराउन नसकिरहेको अवस्थामा कोप–२६ का प्रतिबद्धता कति पूरा होलान् भन्नेमा चिन्ता छँदैछ। आगामी दशकहरूमा कार्बनडाइअक्साइड र अन्य हरितगृह ग्यासको उत्सर्जनमा कटौती नगरिएमा अर्थात उत्सर्जन दर हालकै दरमा वृद्धि भइरहने हो भने २१ औं शताब्दीको अन्त्यसम्ममा ३ डिग्री सेल्सियससम्म पुग्ने वैज्ञानिकहरूको आकलन छ । हाम्रो साझा पृथ्वीको तापक्रम घटाउन किन पनि महत्वपूर्ण छ भने, मात्र ०.०१ प्रतिशत तापक्रम वृद्धि हुँदा समुद्र र समुद्रबाहिर रहने हजारौं प्रजातिका जीवहरूको जीवन लोप हुने सम्भावनालाई यसले बढाइदिन्छ। कुनै समय पृथ्वीमा डाइनासोर थिए। तर आज डाइनासोर लोप भइसकेका प्राणीमध्ये पर्छन् ।

त्यसरी नै अरू कयौं जीवजन्तु र वनस्पतीजन्य प्रजाति पनि लोप हुने हुन्छ। ती प्रजाति लोप हुनासाथ त्यसले हाम्रो पारिस्थिक पद्धतिमा क्षति पुर्‍याउँछ र पारिस्थितिक पद्धतिको मार हामी मानवले नै बेहोर्नुपर्ने हुन्छ। अमेरिकाको सेन्टर फर बायोलोजिकल डाइभर्सिटीका अनुसार हालको हरितगृह ग्यासमा कटौती गरिएन भने वैश्विक तापक्रम वृद्धिका कारण सन् २०५० सम्ममा पृथ्वीको एक तिहाई प्रजाति लोप हुनेछन् । डरलाग्दो त के छ भने यस्तो भएमा यसबाट जैविक विविधतालाई अतुलनीय क्षति पुग्नुका साथै यसले विश्वभरको पारिस्थितिक प्रणाली र मानव समाजको दैनन्दिन जीवनलाई पनि प्रत्यक्ष प्रभावित पार्नेछ। पर्यावरणसम्बन्धी हाम्रो गलत वैश्विक नीति तथा शक्ति राष्ट्रको शक्तिशाली भई रहने होडका कारण अहिलेसम्म तापक्रम वृद्धि, साझा पर्यावरण, स्वच्छ हावा/पानीलाई कसैले महत्वको टड्कारो विषय ठानेका छैनन्। तर भइरहेको तापक्रम वृद्धिले अहिले नै एक मिलियन अर्थात १० लाखभन्दा बढी विभिन्न प्रजाति लोप हुने डिलमा उभिएका छन्। आइपिसिसीको प्रतिवेदनअनुसार पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियस तात्यो भने जमिनमा भएका १४ प्रतिशत वनस्पति र जीव लोप हुनेछन्। वैश्विक तापक्रम वृद्धि र जलवायु परिवर्तनले हालसम्म ४७ प्रतिशत प्रजाति लोप भइसकेको अध्ययनहरूले देखाएका छन्। सबभन्दा बढी लोप हुनेमा समुद्री जीव र वनस्पति छन्।

वैज्ञानिकका अनुसार १.५ डिग्री सेल्सियसको तापक्रमले मात्र ९० प्रतिशत 'ट्रपिकल कोरल रिफ' हरु विनाश हुनेछन्। इन्टरनेसनल युनियन फर कन्जरवेसन अफ नेचर (आइसियुएन)को रातो सूचीमा रहेकामध्ये करिब ११ हजार जीवजन्तुले जलवायु परिवर्तनको प्रत्यक्ष मार खेपिरहेका छन्। हाम्रो पारिस्थितिक पद्धति चलाइराख्न महत्वपूर्ण भूमिका खेलिरहेकमध्ये ५० प्रतिशत कीरा–फट्यांग्राहरु आफ्नो वासस्थान गुमाउने डिलमा उभिएका छन्। डढेलोका कारण जमिनमा रहेका कैयौं वनस्पति पनि लोप हुने सँघारमा छन्। यति मात्र होइन जलवायु परिवर्तनले सन् २१०० सम्म संसारको ८ प्रतिशत कृषि भूमि अयोग्य बनाउँदै छ। यस्तो संकट अथवा भनौं त्रासदीको अघिल्तिर उभिएर मानिस बेपरर्वाह आफ्नो अहम् तुष्टीका लागि एकआपसमा भिडिरहेकै छन्। यस्तोमा प्रश्न उठ्छ, के यो त्रासदीको जिम्मेवार हामी हौं? होइनौं । मुख्यत: यो त्रासदीको सृष्टीकर्ता उनै शक्तिराष्ट्र हुन् जसले हामीलाई 'दिसा गरेपछि हात धुन' सिकाइरहेका छन्। तर भावी पुस्तालाई कस्तो पर्यावरण हस्तान्तरण गर्ने? आमाको सुरक्षित गर्भबाट धरतीमा पाइला टेक्न लागेका कलिला नानीबाबुले कस्तो पृथ्वीमा सास लिने? र, हाम्रो सभ्यताको सकारात्मक/नकारात्मक परिचय भावी पुस्ताको मानसपटलमा कस्तो छोडेर जाने भन्ने प्रश्न पनि हाम्रा अघिल्तिर छन् । संसारको साझा सम्पत्ति लुटेर हाम्रो भागमा दूषित र तातो हावा दिनेहरूसम्म हामीले पर्यावरण जोगाउनु पर्ने चेतनाको बिउ अंकुरित गरेर दिनु पर्नेछ।

हामीलाई थाहा छ शक्ति राष्ट्रहरु, जो सामर्थ्यको कोणबाट पृथ्वी जोगाउनु पर्ने आफ्नो दायित्वबाट च्युत भएर संसारभर सभ्यताको समाजशास्त्र सिकाइरहेका छन्, उनीहरु आज पनि भावी सन्ततिप्रति चिन्तित छैनन्। जिम्मेवार पनि छैनन्। उनीहरूको गैरजिम्मेवारीमा हामीले पनि गैरजिम्मेवारीको अर्को ईँटा थप्नु मिल्दैन। उनीहरूको अविवेकीमा हामीले हाम्रो विवेकको दायरालाई फराकिलो पार्नै पर्छ। त्यसैले साना मुलुकको हैसियतमा हामीले पर्यावरण जोगाउने संकल्प अघि बढाउनु पर्छ। यो किन पनि जरूरी छ भने शक्ति राष्ट्रहरु पर्यावरणको मुद्दामा भन्दा हतियार निर्माण र त्यसको बिक्रीमा लागेको हालसम्मका तथ्यांकहरूले पुष्टी गर्छन्। विश्वमा सबभन्दा धेरै हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुकमा चीन (२९.१८ प्रतिशत) पर्छ। त्यसपछि क्रमश: अमेरिका (१४.२ प्रतिशत), भारत (७.०९ प्रतिशत), रूस (४.६५ प्रतिशत) र जापान (३.४७ प्रतिशत) पर्छन् । विश्वमा हतियार उत्पादन गर्ने एक सय ठूला कम्पनीमध्ये एकदेखि ४५ सम्मको स्थान अमेरिकाले नै ओगट्छ। अमेरिकाले विश्वभर हतियार बिक्रीको कुल ३५ प्रतिशत बजार ओगट्छ। त्यसपछि क्रमश: रूस, फ्रान्स, जर्मनी र चीन पर्छन्।

त्यस्तै हतियारमा सबभन्दा धेरै बजेट खन्याउनेमा अमेरिका पहिलो स्थानमा पर्छ। दोस्रोमा चीन । विश्वको साझा पर्यावरण जोगाउन भने उनीहरूले नगन्य काम गरेका छन्। पछिल्ला दशकमा विकसित मुलुकहरु आफैंले प्रतिबद्धता गरेर सन् २०२० सम्ममा १ सय बिलियन डलर (अविकसित र अल्पविकासशील मुलुकका लागि) पर्यावरणका लागि खर्च गर्ने भन्दै 'क्लाइमेट फाइनान्स' कोष स्थापना गरेका थिए। तर उनीहरूले त्यो रकम जम्मा नगरेको संयुक्त राष्ट्र संघको प्रतिवेदनले देखाउँछ। यसो भन्दै गर्दा उनीहरूले हालसम्म केही गरेनन् भनी हाल्न भने मिल्दैन। पर्यावरण विनासमा उनीहरूको जति ठूलो हिस्सा छ, त्यसको रोकथाम वा क्षतिपूर्तिका लागि उनीहरूले अघि सारेका पाइला पोलियोग्रस्त छ भन्दा फरक पर्दैन। वास्तवमा ठूला शक्ति राष्ट्रले निम्त्याएको पर्यावरणीय जोखिमको मार भूगोलको हिसाबले साना, जनसंख्याको हिसाबले थोरै र विकासका

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
विभिन्न भौतिक साधन जुट्नेछन्। कामको मेसो नमिल्दा केही पछि परिनेछ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
जिम्मेवारी प्राप्त भए पनि तत्काल लाभ नहुन सक्छ । अवसरका लागि जोखिमपूर्ण काममा जुट्नुपर्ला।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
विभिन्न सहयोग र उपहार प्राप्त होला । तारिफयोग्य काम सम्पादन हुनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताइरहनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
अध्ययनमा प्रगति हुनुका साथै अनुभवलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ । काममा रूचि बढ्नेछ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
व्यापारमा पनि मनग्य धनलाभ हुनेछ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
अरूका लागि बुद्धि खर्चनुपर्नेछ । पहिलेका सहयोगीहरु पछि हट्न सक्छन् ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
बाहिरिनाले अप्ठ्यारो पर्न सक्छ। समस्या दर्शाउँदा सहयोगी जुट्नेछन्।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
विशेष भेटघाटले काममा उत्साह बढाउला । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
आत्मविश्वासको कमीले काममा पछि परिनेछ । खर्च हुने डरले सताउन सक्छ ।

# तनहुँका ३२० जनालाई जग्गाको निस्सा ..........



शुक्लागण्डकी-७ का भुमिहिन सुकुम्बासीलाई ऐलानी, प्रति जग्गा उपभोग गरिरहेको प्रमाण (निस्सा) वितरण गर्दै भूमि आयोग तनहुँका अध्यक्ष रामचन्द्र अधिकारी । *तस्विर : भञ्ज्याङ*

छैन ।'

'जब हातमा लालपुर्जा पर्छ तब मात्र खुसी हुन्छु', उनले भने, 'यो औपचारिक मात्रै हो । चुनावको मुखमा आएर निस्सा बाढेर भोट फकाएको हो कि भन्ने हामीलाई शंका लागेको छ ।'

निस्सा पाएका सबैसँग यस्तै यस्तै शंका र आशंका थिए । ३० वैशाखमा हुन लागेको निर्वाचनको संघारमा निस्सा बाँडिएकाले भोट तान्ने उपाय हुन सक्ने आशंका गर्छन् बाबुराम सिग्देल पनि । निस्सा थमाउँदैमा खुसी हुने अवस्था नरहेको उनले सुनाए ।

'पटक पटक लालपुर्जा दिन्छौं भनेर ढाटिएकाले निस्सा बाँड्दा पनि आश जगाएको छैन', उनले भने, 'धेरै पटक बस्तीमा मन्त्री नै आएर लालपुर्जाको आश्वासन बाँडे, पूरा कहिल्यै गरेनन् । निस्सा लिएर लालपुर्जा पाउने झिनो आश पनि छैन । एक फेर हो र ? पटक पटक भएपछि कसरी आश गर्ने?'

लालपुर्जा नभएका यहाँका बासिन्दाहरूले सरकार भएको महसुस गर्न नपाएको उनले बताए। उनले भने, 'आफूले उपभोग गरेको जग्गाको लालपुर्जा नभएपछि बैंकमा धितो राखेर ऋण झिक्नसमेत पाएका छैनौं । यति मात्र होइन् हामीबाट सरकारले ठूलो मात्रमा राजश्व पनि गुमाइरहेको छ ।'

निस्सा पाएकाको जग्गा नाप जाँच हुने र लाालपुर्जा दिइने भन्दै गण्डकी प्रदेशसभा सदस्य आशा कोइराला, भूमि आयोग तनहुँका अध्यक्ष रामचन्द्र अधिकारी र शुक्लागण्डकीका नगरप्रमुख किसान गुरूङले निस्सा बाँडेका थिए ।

निस्साले टिकाराम र बाबुरामलाई जस्तै विष्णुमाया श्रेष्ठलाई पनि लालपुर्जाको आश दिलाउन सकेन । उनले भनिन्, 'यसपालि पनि लालपुर्जा पाइँदैन होला भनेर आशंकित बनाएको छ।' उनले निस्सा बाँड्दै लालपुर्जा दिन्छौं भन्नु चुनावी आश्वासन ठानेकी छन् । लालपुर्जाको कुरा सुन्दा सुन्दै कान थाकेको उनले बताइन् । लालपुर्जाको आश्वासन धेरै पाइयो । आशमा धेरै पटक फारम पनि भऱ्यौं, हातमा अहिलेसम्म लालपुर्जा पर्न नसकेको दुखेसो गरिन् ।

जानकारहरुका अनुसार २०३० सालपछि शुक्लागण्डकीका स्थानीयलाई लालपुर्जा दिन गरिएको प्रयास यो आठौं पटक हो । अहिलेसम्म सफल भएको देखिँदैन। आइतबार शुक्लागण्डकी नगरपालिका-७ का ३९ घरलाई लालपुर्जा वितरण गर्ने प्रक्रिया सुरू भएको भन्दै निस्सा बाँडिएको छ। २४७ परिवारको निस्सा आएको भए पनि वितरण कार्यक्रममा धेरै सहभागी नै भएनन्। लालपुर्जा पाइन्छ भन्ने आश नभएको भन्दै धेरै सहभागी भएनन् ।

वडाबाट ९३० भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीले लालपुर्जा प्राप्त गर्न निवेदन दिएकोमा ८६६ को विवरण अनलाइनमा दर्ता भएको छ । निस्सा आएकाको वितरण थालेको शुक्लागण्डकी नगरपालिका-७ का वडाध्यक्ष रामबहादुर क्षेत्री थापाले बताए। निस्सा वितरण लालपुर्जाको प्रक्रिया सुरू भएको उनले बताए । उनका अनुसार अब नक्सा नापजाँच गरेर लालपुर्जा वितरण हुनेछ।

आफ्नै कार्यकालमा हरेकको हातमा लालपुर्जा थमाउने शुक्लागण्डकीका नगरप्रमुख किसान गुरूङले बताए । काम गर्दा गर्दै पनि आफ्नो कार्यकालमा नसकिएपनि अब आउने जनप्रतिनिधिले लालपुर्जा बाँड्ने उनले विश्वास दिलाए ।

शुक्लागण्डकी नगरपालिकाको वडा नम्बर ७ सँगै ८ र २ मा अव्यवस्थित, सुकुम्बासीको बसोबास अधिक छ । शुक्लागण्डकीका १२ वडाबाट ४ हजार ४०३ भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीले लालपुर्जाका लागि निवेदन दिएका छन् । बस्तीमा सडक, बिजुली, खानेपानी, विद्यालयजस्ता आधारभूत विकास त भएको छ । तरपनि स्थानीय बासिन्दालाई पुर्जाविहीन हुनुको पीडाले सताइरहेको छ । हातमा आफुले उपभोग गरेको जमिनको जानपुर्जा नहुँदा हामी अनागरिक जस्तै बनेको उनिहरूको दुखेसो छ।

# व्यासका २१ हजारलाई .........

तयारी गरिएको बताइन् । अहिले अभियानको रूपमा यसलाई सञ्चालन गरिएपनि पछि नियमित खोप अभियानमा यसलाई समावेश गर्ने तयारी भएको उलने बताइन्।

विगतमा कुनै खोप लिँदा गम्भीर प्रकारको प्रतिक्रिया देखा परेको वा कुनै खाना वा अन्य वस्तुबाट कडा एलर्जी भएको भए, एड्सको लक्षण देखा परेको अवस्थामा खोप लगाउन नहुने बताइएको छ ।

टाइफाइड खोप लगाएपछि अन्य खोपहरूमा जस्तै केही सामान्य दुखाइ, सुन्निने, हल्का ज्वरो आउने, टाउको दुख्ने, हात गोडा तथा जोर्नीहरू दुख्ने हुने भएपनि विस्तारै ठिक हुने बताइएको छ ।

कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले खोप अभियान सफल पार्न सबैको भूमिका महत्वपूर्ण रहने बताउँदै खोप अभियान विश्वसनीय बनाउन वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा व्यास नगरपालिकाका उपप्रमुख मीरा जोशी, प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देल, प्रवक्ता एवं वडाध्यक्ष मोहनकुमार श्रेष्ठ, विभिन्न विद्यालयका प्रधानाध्यापक लगायतको सहभागिता रहेको बताइएको छ ।

# कसले जोगाउँछ हाम्रो .......

हिसाबले अतिकम विकसित र विकासोन्मुख मुलुकले बेहोर्नु परिरहेको छ।

त्यसैले नेपाल, बंगलादेश, फिलिपिन्स, नाइजेरिया, जिम्बाम्बे, दक्षिण सुडान, किरिबाटी जस्ता जोखिमपूर्ण अवस्थामा रहेका मुलुकले विशेष रूपमा क्षतिपूर्ति माग गर्नुपर्छ। क्षतिपूर्ति पाउनु साना मुलुकको अधिकार हो भनेर स्थापित नगरेसम्म हामीले नपाउन सक्छौं। बदलिँदो समयले कयौं नयाँ अवधारणाको जन्म गराउँछ र आफ्नो वास्तविक आकार ग्रहण गर्दै त्यसले विश्व व्यवस्थामा परिवर्तन निम्त्याउँछ भने जस्तै अब साना मुलुकले आफूले गर्दै नगरेको क्षतिको भरपाइका लागि आवाज दरिलो बनाउनै पर्छ।

हाम्रो देशको हिमाली भूभागमा बसोबास गर्ने शेर्पा आदिवासीदेखि मधेसको टन्टलापुर घाममा पसिना बगाइरहेका थारु आदिवासीको भावी सन्ततीको रक्षाका लागि पनि हामीले आजैदेखि आवाज नउठाइ हुँदैन। नेपालको ७० वर्षको वामपन्थी आन्दोलन र पछिल्लो माओवादी जनयुद्धले पनि गाँस-बास-कपासको मुद्दालाई निकै जोडदार ढंगले उठायो। तर अब हामीले हाम्रो भावी पुस्तालाई विरासतमा कस्तो पर्यावरण दिएर जानेछौं भन्नेबारे पनि सोच्नु पर्नेछ। मधेस, पहाड, हिमाल जहाँसुकैको गाउँसहरमा जन्मिए पनि उनीहरूले स्वच्छ हावा, स्वच्छ पानी र विकिरणरहित सूर्यको किरण पाउने वातावरण हामीले बनाउनै पर्छ।

यसका साथै पर्यावरण क्षेत्रमा सकारात्मक परिणाम ल्याउन सरकार केही कदम हिँड्नै पर्नेछ। हजार माइलको यात्रा पहिलो पाइलाबाट भने जस्तै नेपालले आफ्नो सकारात्मक पाइला गत दशकमा चाली नै सकेको छ। वनविनाश रोक्न तथा वन्यजन्तु संरक्षणमा नेपालले निर्वाह गरेको भूमिका संसारभर अतुलनीय छ। तर पनि हामी चुरेको विनास, वायुप्रदूषण न्यूनीकरण, फोहोरमैला तथा ढल व्यवस्थापन, हिमताल संरक्षण, डढेलो रोकथाम, प्राकृतिक विपत् रोकथाम, खानेपानीका मूलको संरक्षण, उब्जाउ भूमिमा भइरहेको प्लटिङ रोक्ने आदि क्षेत्रमा निकै पछि छौं। यसका साथै जलवायु, क्षेत्रमा दीर्घकालीन रणनीति तयार पार्ने जमिनी स्तरका सार्वजनिक बौद्धिकको निर्माणमा नेपाल सरकारले प्रयाप्त ध्यान पुऱ्याउन नसकेकोमा पनि हामी त्यति नै सचेत हुनुपर्छ।

पर्यावरण र जलवायु संकटलाई सम्बोधन गर्ने विषयमा हामीलाई साझा राष्ट्रिय पर्यावरण नीतिको खाँचो छ। यो त्यस्तो राष्ट्रिय नीति बनाइनु पर्छ जसमा कुनै पनि राजनीतिक दल र निर्वाचित सरकारले त्यसको कार्यान्वयनमा असहमति नजनाऊन्। स्वभाविक रूपमा यस्तो नीति बनाउन राष्ट्रिय बहसको खाँचो पर्छ। यस क्षेत्रका विज्ञ, सरोकारवाला र जनताको ठूलो हिस्सालाई यसमा सहभागी गराउँदै नीति निर्माणका लागि सरकारले यसको पहल लिनु पर्छ। मुलुकको विदेश नीति, राष्ट्रिय सुरक्षा नीति तथा भ्रष्टाचार विरोधी नीति एउटै हुन्छ भने राष्ट्रिय पर्यावरण नीति पनि एउटै हुनुपर्छ। नेकपा (माओवादी केन्द्र) को हालै सम्पन्न महाधिवेशनले पर्यावरणबारे अलिकति भए पनि बोल्ने प्रयत्न गरेको छ। खडेरीमा बर्षात बनेर आएको दस्तावेजमा उल्लेखित पर्यावरणीय सोचले पार्टीलाई यस विषयमा राष्ट्रिय पहल लिन उक्साउने छ।

आजको संसारमा राजनीतिक, वैचारिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, गरिबी, द्वन्द्वलगायत अनेकौं संकटका तारजाली हामीलाई रोक्न, अघिल्तिर तेर्सिएका छन्। तिनलाई पन्छाउँदै अघि बढ्ने क्रममा हामीले सबभन्दा पहिले पन्छाउनु पर्ने भनेकै पर्यावरणीय संकटको जालो हो। हाम्रो साझा पृथ्वी र पर्यावरण नै रहेन भने हामीले अन्य संकटहरु कहाँ गएर पन्छाउने छौं? त्यसैले आजको पहिलो र अन्तिम प्रश्न नै हाम्रो पर्यावरण कसले जोगाउँछ भन्ने हो। फेरि कुनै 'नेपाली ग्रेटा थनवर्ग' ले हामीलाई झक्झकाउनु अघि हाम्रो पर्यावरण मात्र होइन समग्र पृथ्वीबारे हामीले गम्भीरतापूर्वक मनन गर्नु पर्नेछ।

सेतोपाटीबाट

*(खड्का बागमती प्रदेशका वन तथा वातावरण मन्त्री हुन्।)*

## महत्वपूर्ण कागजपत्र हराएको सूचना

तनहुँको म्याग्दे गाउँपालिका वडा नं. ५ मुलाबारीबाट मिति २०७८ माघ १५ गते तनहुँको दमौली बजार तर्फ आउने क्रममा मेरो महत्वपूर्ण कागजपत्र राखेको झोला सहित हराएको हुँदा कहि कतै देख्नु भेट्नु हुने महानुभावले निम्न ठेगाना तथा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

**नाम** : बेलुमाया थापा
**ठेगाना** : म्याग्दे गाउँपालिका-५ मुलाबारी, तनहुँ
**सम्पर्क नं.** : ९८१५११५२३८

**प्रों अर्जुन अधिकारी** फोन : ०६५-५६१२५३, ९८५६०६०४२४, ९८६६००१०९२

## नेशनल इलेक्ट्रोनिक्स

व्यास-२, न्यूरोड, दमौली, तनहुँ




सबै किसिमको इलेक्ट्रोनिक्स सामानहरू बिक्री मर्मत तथा साटफेरको पनि व्यवस्था रहेको छ ।

## ढोरवाराही डेण्टल केयरको सुचना

बिगत १८ वर्षदेखि अनवरत रूपमा सेवा दिंदै आएको यस ढोरवाराही डेण्टल केयर सेन्टरमा **दाँत, मुख तथा गिजा** सम्बन्धी कुनै पनि समस्या भएमा सम्पर्क गर्नुहोला । हामी सेवामा हाजिर छौं ।



ESTD. 2062

**अध्यक्ष/सञ्चालक : भरत पोखेल**

## ढोरवाराही डेण्टल केयर सेन्टर

व्यास-४, दमौली, तनहुँ । सम्पर्क : ९८४६०६५१०२, ९८४६४७०४८०

पुनश्च : अफिस समय बिहान ८ देखि बेलुका ६ बजेसम्म ।

आल्मुनियम, स्टिल, काठका रेडिमेड झ्याल ढोकाहरू होलसेल तथा खुद्रा बिक्री गरिनुका साथै जिप्सन, स्टील तथा ग्रिल सम्बन्धी सम्पूर्ण काम सुपथ मूल्यमा गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**प्रो. होम थापा** सम्पर्क : ९८०६७४६७२३, ९८१७१२६६९५, ९७४५२८२४६४, ९८४६७६२७४८



## न्यू पशुपति आल्मुनियम ७ फ्रेब्रिकटर, स्टिल ग्रिल उद्योग

व्यास-३, दमौली, तनहुँ (प्रहरी कार्यालय पछाडी, एपोलो हस्पिटल लाइन)

## चैत्र २६ गते शनिबार

१) पोखरा मणिपाल र फेवासिटी हस्पिटलका वरिष्ठ यौन, छाला तथा कुष्ठरोग विशेषज्ञ **डा. बिनम्र बस्नेत** आउँदै हुनुहुन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. हेमन्त श्रेष्ठद्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२




अधिकृत बिक्रेता

## दिप इन्टरप्राइजेज्

आँवुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) । सम्पर्क : ०६५-५४०५७६/५४०४८२




## बालबालिकालाई दिइने टाइफाइड खोप सम्बन्धी सूचना



यही **चैत्र २५ गते** देखि **वैशाख १८ गते** सम्म देशैभरका १५ महिना देखि १५ वर्षमुनिका सबै बालबालिकालाई टाइफाइड खोप प्रदान गरिँदै छ। बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगि टाइफाइड खोप अनिवार्य लगाऔं। खोप लगाउने निश्चित मिति र स्थानको बारेमा जानकारी लिन स्वास्थ्य संस्था, विद्यालय वा वडा कार्यालयमा सम्पर्क गरौं।

साथै यस अभियान पश्चात् नियमित खोप कार्यक्रममा टाइफाइड खोप पनि समावेश गरिनेछ र १५ महिना पुगेका सबै बालबालिकालाई एक डोज टाइफाइड खोप प्रदान गरिनेछ।

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

## बन्दिपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बन्पिुर तनहुँ । गण्डकी प्रदेश




**तनहुँको चर्चित कौरा नृत्य :** तनहुँ उद्योग वाणिज्य संघले दमौलीमा सञ्चालन गरेको आठौं तनहुँ महोत्सव-२०७८ सोमबार आयोजित समापन कार्यक्रममा तनहुँको चर्चित कौरा नृत्य प्रस्तुत गर्दै स्थानीय कलाकारहरू।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# ऊर्जा क्षेत्रमा पनि जलवायु परिवर्तनको असर

**रासस**/काठमाडौं

जलवायु परिवर्तनको जोखिम बढ्दै जाँदा त्यसको प्रत्यक्ष असर नेपालमा समेत परेको छ । विशेषगरी हिमाली क्षेत्रमा बढ्दै गएको तापक्रमका कारण हिउँ पग्लनेक्रम उल्लेख्यरूपमा बढेको छ। खडेरी बढ्दै गएको छ भने पानीका मूल सुक्दै गएका छन्। अतिवृष्टि, खण्डवृष्टि जस्ता कारणले वातावरणीय जोखिम पनि उत्तिकै वृद्धि भएको छ । यस्तो अवस्थामा नेपालको ऊर्जा क्षेत्रसमेत नराम्ररी प्रभावित भएको छ । गत असारमा गएको बाढीका कारण झण्डै रू तीन अर्ब बराबरको क्षति भएको थियो । ऊर्जा क्षेत्रमा पछिल्लो तीन वर्षको तथ्याङ्क हेर्ने हो भने झण्डै रू १० अर्ब बराबरको क्षति भएको छ ।

यस सन्दर्भमा जलविद्युत् आयोजना निर्माण गर्दा वातावरणीय पक्षलाई पनि उत्तिकै ध्यान दिनुपर्ने मत जबर्जस्तरूपमा उठेको छ । जलविद्युत् प्रवर्द्धकले आयोजनाको विकास गर्दा वातावरणीय अध्ययन र समाजिक व्यवस्थापनमा संवेदनशील हुनुपर्ने आवश्यकता बढेर गएको छ। शनिबारदेखि राजधानी काठमाडौंमा तेस्रो हिमालयन हाइड्रो एक्स्पो चलिरहेको छ। नेपालको ऊर्जा क्षेत्रमा नवीनतम् प्रविधि भित्र्याउने र लगानीका नयाँ अवसरको खोजी गर्ने उद्देश्यका साथ आयोजित सो कार्यक्रममा जलवायु परिवर्तन र त्यसले ऊर्जा क्षेत्रमा परेको प्रभावका बारेमा समेत महत्वपूर्ण छलफल भएको छ ।

जलवायु परिवर्तन, वातावरणीय अध्ययन तथा सामाजिक व्यवस्थापन सम्बन्धी छलफलमा सहभागीले जलविद्युत् आयोजनामा हुने लगानीको दिगो प्रतिफल सुनिश्चितताका लागि पनि वातावरणीय पक्षलाई विशेष ख्याल गर्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय प्रकृति संरक्षण कोषका वरिष्ठ संरक्षण अधिकृत मनिषराज पाण्डेका अनुसार जलवायु परिवर्तनको असर वर्तमानमा मात्र नभएर भविश्यका लागि थप चुनौतीपूर्ण हुने देखिएको छ ।

नेपालका अधिकांश जलविद्युत् आयोजना पहाडी क्षेत्रमा निर्माण हुने वा निर्माण हुने क्रममा रहेकाले ती क्षेत्र नै बढी संरक्षण गर्नुपर्ने क्षेत्रका रूपमा देखिएको उहाँको भनाइ छ । संरक्षण गर्नुपर्ने क्षेत्रमै आयोजना धेरै हुँदा विकास र वातावरणलाई सन्तुलितरूपमा लैजानुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ ।“हामीले जलचर संरक्षण गर्न पनि त हामीले हेर्नुपर्छ, विगतका पाठका आधारमा आगामी दिनमा कार्ययोजना बनाउनुपर्ने महसुस हामीले गरेका छौं, एकीकृत जलउपयोग नीतिअनुसार नदी बेसिनमा आधारित विद्युत् विकासमा जाँदा जलको उचित व्यवस्थापनका साथ साथै सामाजिक आर्थिक वातावरणीय कुरामा संवेदनशील बन्नैपर्छ”, उहाँले भन्नुभयो।

सानिमा हाइड्रोका प्रमुख लगानीकर्ता डा सुवर्णदाश श्रेष्ठले वातावरणीय सामाजिक विषयवस्तुलाई प्राथमिकतामा नराखेकै कारण क्षति भोग्नुपरेको दृष्टान्त पेश गर्नुभयो । “अब जलविद्युत्मा लगानी मात्र सोच्ने होइन वातावरण सामाजिक व्यवस्थापनमा पनि सोच्नुपर्छ, जलवायु परिवर्तन, आयोजनाको दिगोपन, स्थानीय सहभागितामा जान सकेमात्र हाम्रा आयोजना र त्यसको प्रतिफल दिगो हुनेछ”, उहाँले भन्नुभयो ।

वातावरणीय व्यवस्थापनमा वृक्षरोपणका लागि क्षेत्र पहिचान र विस्तार गर्न सरकारी कार्यशैलीमा सुधार गर्नुपर्ने उहाँको मत छ । उहाँले भन्नुभयो, “आयोजना बनाउँदा वृक्षरोपण कहाँ गएर गर्ने जमिन नै पाएका छैनौं, हामी बिरूवा हुर्काउन तयार छौं, नेपालको नाङ्गा डाँडा दिनुस् न हामी खुसीसाथ गर्न तयार छौं, तर हामी आयोजनास्थल नजिकै किन्दै जाने कुराको समीक्षा गरौं ।”

विशेषगरी जलविद्युत् क्षेत्र आफैंमा बढी प्राविधिक विषय भए पनि यसमा वातावरणीय पक्षलाई ख्याल नगर्दा बढी समस्या खडा भएको छ । कतिपय प्रवर्द्धकले लाइसेन्समात्र बोकेर लगानी गर्न खोज्दा सफल नभएको दृष्टान्त पनि उत्तिकै छ । नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्दै आएको अग्रणी बैंक एनएमबीले पछिल्ला दिनमा वातावरणीय पक्षलाई पनि उत्तिकै ध्यान दिएको छ। सो बैंकले हालसम्म ४५ आयोजनामा लगानी गरिसकेको छ । बैंकका प्रतिनिधि शरद् तुलाधरले वातावरण र समाजिक पक्षलाई व्यवस्थित गर्न सरकारी निकायको सकारात्मक भूमिकाको जरूरी रहेको बताउनुभयो।

# महिला अधिकार सुनिश्चित हुनु पर्दछ : उपसभामुख शर्मा

**रासस**/गण्डकी

गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले स्थानीय निर्वाचनमा हुने जुनसुकै गठबन्धनमा महिला अधिकार सुनिश्चित हुनुपर्ने बताउनुभएको छ । राष्ट्रिय महिला आयोगद्वारा आज पोखरामा आयोजित प्रदेशस्तरीय महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन राजनीतिक सहभागिता र सशक्तीकरण विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले गठबन्धनका नाममा महिला अधिकार कुण्ठित गर्न नहुने बताउनुभयो । निर्वाचनमा गठबन्धन गर्ने पार्टीबीच प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्ष पदमा एकजना महिला हुनुपर्नेमा जोड दिँदै उपसभामुख शर्माले भन्नुभयो, ँसंवैधानिक हक अधिकारका लागि महिलाले संगठित पार्टीमा सशक्तरूपमा भूमिका खेल्नुपर्नेमा आवश्यकता औँल्याउनुभयो ।

संवैधानिक अधिकारअनुसार मुलुकका सबै क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता गराउन राजनीतिक पार्टी एवं निर्वाचन आयोगको महत्वपूर्ण भूमिका हुने विश्वास व्यक्त गर्दै उपसभामुख शर्माले त्यसका लागि महिला नेतृत्व विकास र उद्यमशील हुँदै आर्थिकरूपमा सशक्त भएर अघि बढ्नुको विकल्प नभएको बताउनुभयो। संविधानसभा सदस्य एवं गण्डकी प्रदेशसभा सदस्य विकास लम्सालले समतामूलक समाज निर्माणमा सबै लाग्नुपर्नेमा जोड दिँदै प्राप्त अधिकारलाई आधार बनाएर थप अधिकारका लागि महिला संगठित भएर अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जिल्ला समन्वय समितिका कास्कीका उपप्रमुख सावित्री भण्डारीले कर्तव्य पूरा गरेर अधिकार खोज्नुपर्ने बताउँदै स्थानीय निर्वाचनमा महिलालाई अगाडि बढाउन सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रिय महिला आयोगका सदस्य सावित्रीकुमारी शर्माले आयोगले सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विभेदको अन्त्य गर्दै महिला सशक्तीकरणमा जोड दिँदै आएको जानकारी दिनुभयो। आयोगले सातवटै प्रदेशमा यस्ता कार्यक्रम सञ्चालन गरेको उल्लेख गर्दै उहाँले नीतिगत तहमा महिलाको पहुँच बढाउने उद्देश्य कार्यक्रमको रहेको बताउनुभयो । कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले लैङ्गिकसम्बन्धी सवाल र निर्वाचन आयोग पोखराका होमनाथ पराजुलीले निर्वाचन र महिला सहभागिता विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, विभिन्न सङ्घसंस्थामा आबद्ध अधिकारकर्मी, सञ्चारकर्मी लगायतको सहभागिता रहेको आयोगका शाखा अधिकृत वर्षा ढकालले जानकारी दिनुभयो ।


## डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं ।

**डढेलोले,**

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- देशको आर्थिक समृद्धिमा प्रतिकुल असर पार्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

**त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter

**दिपक शर्मा मरासिनी**
twitter.com/maraseni15
कहिले काही हामी कसैको लागि यति जरूरि पनी हुदैनौ, जति हामी सोच्ने गर्छौ त्यसैले जहाँ तिम्रो एकदम खाँचो छ, त्यही मात्र आफ्नो उपस्तिथी दिनु अन्यथा हरेकले तिमीलाई मजाकमा उडाई दिने छ ।

**मदनमोहन**
twitter.com/Madankkharel
आशा र निराशा सायद दिन र रात हुन, रात पछिको विहानीको उज्यालोले एक नयाँ आशा एवं नयाँ उर्जाहरूको संचार गराई दिन्छ, रातभरि कल्पेका सिरानीका ती सपनाहरूलाई दिन फूलाई दिन्छ, साकार तुल्याई दिन्छ, आउँनुस साथिहरू आज फेरी एउटा सुन्दर विहानीलाई मीठो चिया र कफीको चुस्किसँगै स्वागत गरौं. !

**मनुशी**
twitter.com/mannusii
यी मानवीय प्रवृत्तिहरु हुन् कहिलेकाहीँ अनजानमा भए पनि सानो तिनो गल्ती हुन्छन नै तर कसैलाई चोट पुर्याउने उद्देश्य हुनु हुँदैन, तसर्थ प्रत्येक शब्द विवेक प्रयोग गरेर सोचेर बोल्नुपर्छ ताकि पछि आफै पछुताउनु नपरोस्

**सविन के.सी**
twitter.com/kcsabin2014
जितबाट नमात्तिउ, हारबट नआत्तिउ, पिडाबाट नडराउ, मात्र सन्तुलनमा बसौं । यी सबै परिस्थितिलाई सहि संयोजन गर्न सके मात्र जिवनमा परिवर्तन सम्भब छ। हार र जितको तात्विक बुझाइमा अबसर र चुनौतिको सहि समायोजन गर्न सिकौं ।

# सरकार बचाउन र दीर्घशान्तिका .......

दायित्व भएको बताउँदै कुनै पनि नागरिकले अकालमा ज्यान गुमाउन नपरोस् भनेर सरकार गम्भीर रहेको सुनाएका थिए ।

उनले उद्योगी व्यवसायीको संरक्षणका लागि सरकार गम्भीर रहेको भन्दै उद्योगीको सुरक्षाका लागि सरकार गम्भीर र संवेदनशील रोजगारी वृद्धि गरी अर्थतन्त्र चलायमान बनाउन व्यवसायी गतिशिल बन्नुपर्ने र सरकारलाई सक्षम बनाउन उद्योगी व्यवसायीको भूमिका महत्वपूर्ण हुने बताएका छन् ।

यस्तै, गृहमन्त्री खाँणले विद्युत विकासका लागि मुलुकमा एमसिसिले सहयोग गरेको बताएका छन् । नेपालको विद्युत विकासका लागि यो एमसिसि आवश्यक रहेको र एमसिसि नेपालको हित र पक्षमा भएकाले यसले नेपालको राष्ट्रियतालाई बलियो बनाउने दाबी गर्दै उनले भने, 'बिजुलीको तारबाट दुनियामा कतै पनि सेना नआएको छैन, विजुलीको तारबाट सन्सारमा बिजुली आउँछ र नेपालमा पनि बिजुली नै आउँछ ।' गृहमन्त्री खाँणले तनहुँमा जन्मिएका आदिकवि भानुभक्त आचार्यले नेपाली भाषाको विकासका लागि योगदान पुर्‍याएको चर्चा गर्दै भानुभक्त आचार्य नजन्मिएको भए नेपाली भाषाले यो उचाई प्राप्त नगर्ने बताए ।

त्यस्तै, कार्यक्रममा खानेपानीमन्त्री उमाकान्त चौधरीले तोकिएकै मितिमा चुनाव गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै मुलुक निर्वाचनको तयारीमा जुटिसकेको बताएका छन् । हरेक नेपालीलाई स्वच्छ खानेपानी पुर्‍याउन सरकार प्रतिबद्ध रहेको मन्त्री चौधरीको भनाइ थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य देवकुमार श्रेष्ठले हरेक वडामा कृषि उपज बजारीकरणका लागि सरकारले पहल गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा तनहुँ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष मानकाजी श्रेष्ठ, गोरखाका पूर्व अध्यक्ष विश्वदेव श्रेष्ठ लगायतले निजी क्षेत्रको प्रवर्द्धनमा सरकार लाग्नुपर्ने बताएका छन् ।

संघका अध्यक्ष एवं महोत्सव मूल समारोह समितिका संयोजक पविन्द्रकुमार श्रेष्ठले महोत्सवबाट आर्थिक, सामाजिक विकासका साथै स्थानीय उत्पादन, कृषि, धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल, उद्योग, व्यापार व्यवसायको सम्भाव्यता अध्ययन गरी प्रबर्द्धन गर्न टेवा पुगेका बताएका छन् ।

महोत्सवमा मादीसेती नदीमा जलबिहारको व्यवस्था मिलाइएको थियो । सेती र मादीको संगमस्थल दमौलीमा जलबिहारको प्रचुर सम्भावना भए पनि जलबिहारले व्यापकता पाउन नसकेको भन्दै महोत्सव अवधिभर जलविहार सञ्चालन गरिएको र यसले आकर्षण थपेको महोत्सवका प्रवक्ता इमकुमार मल्लले बताए ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४